# जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने दुधौरा खोलाबाट दिगो एवं व्यवस्थित रुपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्न र संकलन गरी बिक्रि वितरण गर्ने कार्यको लागि

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन

श्री मधेश प्रदेश सचिवस्तर को मिति 2082-08-11 गते को निर्णयानुसार स्वीकृत

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

महाशाखा प्रमुख

पेश गरिएको निकाय

**वन तथा वातावरण मन्त्रालय**

जनकपुरधाम, धनुषा, नेपाल

फोनः ०४१-५२७०१२

ईमेलः mofe@madhesh.gov.np


प्रस्तावक

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

मधेश प्रदेश, नपाल

फोन नं. : ०५३-४१२१७३

परामर्शदाता

**सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.**

वीरगंज-१६, पर्सा, नेपाल

फोनः ९८५१००६६४३

ईमेलः shambhuprasadchaurasia@gmail.com


२०८२

CamScanner

## संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| रा.चु.त.म.सं.वि.स. | : राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| गा.पा. | : गाउँपालिका |
| जि.स.स. | : जिल्ला समन्वय समिति |
| न.पा. | : नगरपालिका |
| मि. | : मिटर |
| मि.मि. | : मिलि मिटर |
| घ.मि. | : घन मिटर |
| घ.फि. | : घन फिट |
| स्था.स.सं. | : स्थानीय सरकार सञ्चालन |
| सा.व. | : साझेदारी वन |
| गै.स.स. | : गैर सरकारी संस्था |
| डि.व.का. | : डिभिजन वन कार्यालय |
| जि.अ.स.स | : जिल्ला अनुगमन तथा समन्वय समिति |
| सा.व. | : सामुदायिक वन |
| प्रा.वा.प. | : प्रारम्भिक वातावरणीय परीक्षण |
| वा.प्र.मू. | : वातावरणीय प्रभाव मूल्याङ्कन |
| IEE | : Initial Environmental Examination |
| EIA | : Environmental Impact Assessment |
| GPS | : Global Positioning System |

# विषय सूची


परिच्छेद १ ....... 5
प्रतिवेदन तयार गर्ने ब्यक्ति वा संस्थाको नाम र ठेगानाः ....... 5
१.१. प्रस्तावको नामः ....... 5
१.२ प्रस्तावकको नाम, ठेगाना, मोबाईल नं.: ....... 5
१.३. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना ....... 5
परिच्छेद २ ....... 6
प्रस्तावको सारांशः ....... 6
क) प्रस्तावको उद्देश्यः ....... 6
ख) भू-उपयोगमा पर्ने असरः ....... 7
ग) वातावरणमा पर्ने प्रतिकुल प्रभावः ....... 7
घ) मानव जिवनमा पर्ने असरः ....... 9
ङ) जनसंख्याको चापः ....... 9
च) स्थानिय पुर्वाधारमा हुने क्षतिः ....... 10
प्रस्तावको विशेषताः ....... 11
परिच्छेद ३ ....... 14
प्रस्तावको विवरणः ....... 14
क) प्रस्तावको किसिमः ....... 14
१) प्रशोधन गर्नेः ....... 14
२) उत्पादन गर्नेः ....... 14
३) संकलन गर्नेः ....... 20
ख) डेलिभरी गर्नेः ....... 21
ग) प्रस्तावकोः ....... 21
१) जडान क्षमता ....... 21
घ) प्रयोग गरिने सामग्री (परिमाण र वर्ष उल्लेख गर्ने। ....... 21
ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुनेः ....... 21
१) ठोसः ....... 21
२) तरलः ....... 21
३) वायुः ....... 21
४) ग्याँसः ....... 21
५) ध्वनिः ....... 22
६) धुलोः ....... 22
च) उर्जाको विवरणः ....... 22
छ) जनशक्तिको विवरणः ....... 22
१) जमिनको क्षेत्रफलः ....... 22
२) भवन र तिनका किसिमः ....... 22
३) मेशिनरी औजारः ....... 22
४) अपराध, दण्ड तथा जरिवानाः ....... 22
झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः ....... 23
१) नक्साः गुगल नक्सामा आयोजना क्षेत्रः ....... 23
२) सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिती ....... 24

३) सो क्षेत्र र वरिपरिको वनस्पतिको विवरणः........24
४) संवेदनशील वस्तुको विवरणः........25
५) हालको स्थितीः........25
६) पानीको श्रोतः........26
७) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्नेः........26
८) प्रस्ताव कार्यान्वयन हुने ठाँउमा आवत जावत गर्ने बाटोः........26
९) उत्पादन प्रक्रियाः........26
१०) प्रविधिको विवरणः........26
११) प्रस्ताव कार्यान्वयन गर्नको लागि गरिएको सार्वजनिक सुनुवाईको विवरणः........26
क) सार्वजनिक सूचना........26
ग) सार्वजनिक सुनुवाइका क्रममा सरोकारवालाहरूले उठाएका सवालहरू........27
ङ) सार्वजनिक सूनुवाईको निर्णय........27
परिच्छेद ४........29
प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावः........29
परिच्छेद ५........32
प्रभाव कार्यान्वयनका विकल्पः........32
परिच्छेद ६ वातावरणीय व्यवस्थापन योजनाः........33
परिच्छेद ७ वातावरणीय अनुगमन........38
परिच्छेद ८........40
निश्कर्ष एवं सुझावहरू........40
८.१ निश्कर्षः........40
८.३ प्रतिवद्धता........41
अनुसुची १ उपमहानगरपालिकाले सहमती माँग गरेको पत्र........42
अनुसुची २ सहमति दिएको पत्र........43
अनुसुची ३ TOR स्वीकृतीको चिठि र सहमति पत्रहरुः........46
अनुसुची ४ भर्पाई........47
अनुसुची ५ पत्रिका सुचना........50
अनूसुची ६ सिफारिस र फोटोहरु........51
अनुसूची ७ सार्बजनिक सुनुवाईको फोटोहरु........56
अनूसुची ८ स्वघोषणा पत्रः........59

# परिच्छेद १

## प्रतिवेदन तयार गर्ने ब्यक्ति वा संस्थाको नाम र ठेगानाः

### १.१. प्रस्तावको नामः

बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिका भित्र रहेको दुधौरा खोला क्षेत्रबाट दिगो एवं व्यवस्थित रुपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको उत्खन्न, संकलन गरी बिक्री वितरण गर्ने कार्य।

### १.२ प्रस्तावकको नाम, ठेगाना, मोबाईल नं.:

- प्रस्तावक : जीतपुरसिमरा उ.म.न.पा., नगर कार्यपालिकाको कार्यालय।
- ठेगाना : जीतपुर, बारा, मधेश प्रदेश, नेपाल।
- फोन नं. : ०५३-४१२१७३
- इमेल : jeetpursimarasubmetropolitan@gmail.com

### १.३. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

- नामः- सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.
- ठेगानाः- वीरगंज-१६, पर्सा
- मो नं.- ९८५१००६६४३
- ईमेलः- shambhuprasadchaurasia@gmail.com

## परिच्छेद २

## प्रस्तावको सारांशः

हिमालय, महाभारत र चुरे क्षेत्रबाट उत्पन्न भएका नदीहरू भावर क्षेत्र हुँदै प्रवाह हुने हुँदा यस क्षेत्रका अधिकांश नदी तथा खोलाहरूमा नदीजन्य पदार्थहरू (ढुङ्गा, गिट्टी, बालुवा आदि) प्रचुर मात्रामा पाइन्छन्। भावर क्षेत्रको भू-संरचना मुख्यतः चुरे क्षेत्रबाट बगाएर ल्याइएका बोल्डर, गिट्टी र खस्रो बालुवाबाट बनेको हुँदा यो क्षेत्र अत्यन्तै छिद्रपूर्ण (porous) प्रकृतिको छ। यी नदीहरूमध्ये जीतपुरसिमरा उपमहानगरपालिका भित्र पर्ने दुधौरा खोलाले प्रत्येक वर्ष वर्षायाममा माथिल्लो चुरे क्षेत्रबाट ठूलो परिमाणमा नदीजन्य पदार्थ बगाएर ल्याई तलतिरको क्षेत्रमा थुपार्ने गर्दछ। बारा जिल्लामा तीव्र रूपमा बढिरहेको विकासको माँगसँगै निर्माण सामाग्रीको खपत पनि उल्लेखनीय रूपमा वृद्धि भएको छ। यसै सन्दर्भमा, जीतपुरसिमरा उपमहानगरपालिकाले दुधौरा खोलाको बगर क्षेत्रमा सञ्चित नदीजन्य पदार्थहरूको दिगो, वैज्ञानिक र वातावरणमैत्री उपयोग गर्दै स्थानीय विकास र आर्थिक योगदानमा टेवा पुऱ्याउने उद्देश्य राखेको छ।हालसम्म खोलाबाट नदीजन्य पदार्थको नियमित तथा व्यवस्थापन सहितको उत्खन्न नहुँदा खोलाको सतह क्रमशः माथि उठ्दै गएको छ, जसका कारण खोलाको प्राकृतिक बहाव अवरुद्ध भई नजिकैका बस्ती र वनक्षेत्रमा कटान तथा क्षति हुन पुगेको छ। यसरी अव्यवस्थित रूपमा थुप्रिएका पदार्थहरूले बाढी, कटान र भू-क्षयजस्ता जोखिम बढाउने सम्भावना रहेकोले, यो अध्ययनको मूल लक्ष्य दुधौरा खोलालाई यसको स्वाभाविक र दिगो बहावमा पुनःस्थापित गर्नु हो। यस प्रतिवेदनमार्फत नदीजन्य स्रोतको वैज्ञानिक व्यवस्थापन, दिगो उत्खन्न, र वातावरणीय सन्तुलन सुनिश्चित गर्दै खोलाको प्राकृतिक प्रवाहलाई दीर्घकालीन रूपमा संरक्षण गर्ने योजना अघि सारिएको छ।

### क) प्रस्तावको उद्देश्यः

प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य खोलाको विभिन्न क्षेत्रबाट वातावरण मैत्री ढङ्गले ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन र उत्खन्न कार्य गरि खोलाको Morphology यथास्थानमा राखि Sediment Load बढ्न नदीई खोलाको बहाव र धारलाई निरन्तर गतिमा बग्न दिने हो। यसका साथै अन्य उद्देश्यहरु निम्न लिखित रहेका छन्:-

- प्रस्तावित क्षेत्रमा उत्खन्न गर्ने कार्यले जैविक, सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक वातावरणमा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरूको पहिचान गर्ने,
- वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्युनिकरण गर्ने र अनुकूल प्रभावलाई अधिकतम अनुग्रहण गर्ने उपायहरूबारे व्यवहारिक सुझाव दिने,
- प्रस्ताव कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि वातावरणीय अनुगमन योजना बनाई कार्यान्वयन गर्ने,
- प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी गराई सम्बन्धित निकायलाई उचित निर्णय लिन सघाउ पुऱ्याउने,

- वर्षेनी थुपर्ने नदीजन्य पदार्थहरुको स्टक यकिन गरी उत्खन्न तथा संकलन क्षेत्र निर्धारण गर्ने,
- खोलाको बहाव परिवर्तन हुन सक्ने र त्यसबाट पर्न सक्ने क्षति रोक्न, आफ्नो बहावमा बगि रहन दिन उपायहरु पत्ता लगाउने,
- ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा उत्खन्न गर्ने कार्यको वातावरणमैत्री दिगो सङ्कलन विधि पहिचान गरि परिमाण तय गरी कार्यान्वयनका लागि सिफारिस गर्ने।
- संकलन भएको ढुङ्गा, गिट्टी, बालुवालाई बिक्रि वितरण गरी उपमहनगरपालिका र प्रदेश सरकारको राजश्वमा वृद्धि गर्ने।

**ख) भू-उपयोगमा पर्ने असरः**

प्रस्ताव कार्यान्वयनका क्रममा भू-उपयोगमा निम्न असरहरू पर्न सक्ने सम्भावना रहेको छः

- नदी तटीय क्षेत्रको निकटमा रहेका कृषि योग्य जमिनहरूमा बाढी तथा कटानका कारण माटोको उर्वरता र उत्पादनशीलता घट्ने जोखिम रहनेछ।
- खोलाको नजिकका वन क्षेत्रहरूमा नदीजन्य पदार्थको उत्खन्नका कारण माटोको क्षय (Soil Erosion) र भू-क्षय हुने सम्भावना रहनेछ।
- खोलाको किनारमा अवस्थित बस्ती र सामुदायिक संरचनाहरूमा बाढी, कटान तथा भू-क्षयका कारण क्षति हुने जोखिम बढ्नेछ।
- यसका साथै, दीर्घकालीन रूपमा खोलाको धार परिवर्तन वा सतह उचाइमा परिवर्तन हुँदा आसपासका भू-आकृति र जमिनको उपयोग प्रणालीमा असन्तुलन आउन सक्ने भएकाले, प्रस्ताव कार्यान्वयन गर्दा उचित प्रविधिगत विधि, सुरक्षा मापदण्ड, र अनुगमन प्रणाली अपनाइनेछ।

**ग) वातावरणमा पर्ने प्रतिकुल प्रभावः**

**(क) नकारात्मक प्रभाव**

**प्रस्ताव कार्यान्वयनका क्रममा वातावरणमा निम्न नकारात्मक प्रभावहरू पर्ने सम्भावना रहनेछः**

- ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खन्न कार्यमा संलग्न कामदारहरूलाई चोटपटक लाग्ने र उत्खन्न स्थलमा उत्पन्न धुलोका कारण श्वासप्रश्वास सम्बन्धी समस्या उत्पन्न हुने सम्भावना रहनेछ।
- कामदारहरूको गतिविधिका कारण फोहर-मैला उत्पादन भई वातावरण प्रदूषित हुने जोखिम रहनेछ। तोकिएको परिमाणभन्दा बढी वा अव्यवस्थित रूपमा उत्खन्न गरेमा खोलाको प्राकृतिक बहाव परिवर्तन भई नदी किनार कटान, बाढी र भू-क्षयजस्ता दैवी प्रकोप निम्तिन सक्नेछ।

- उत्खन्न तथा ढुवानीमा प्रयोग हुने सवारी साधन खोलामै धुँदा वा इन्धन चुहिँदा रासायनिक प्रदूषण हुन गई जलचर जीवहरूमा प्रतिकूल असर पर्न सक्नेछ।
- खोलासँग जोडिएका वन क्षेत्रमा अवैध रूपमा काठ र दाउरा संकलन तथा चोरी निकासी हुने सम्भावना रहनेछ।
- उत्खन्न र ढुवानीका क्रममा उत्पन्न हुने धुलो र ध्वनि प्रदूषणले मानव स्वास्थ्य, जनावर, र स्थानीय वातावरणमा नकारात्मक प्रभाव पार्न सक्नेछ।

**(ख) प्रभाव न्यूनीकरणका उपायहरू:**

- उपरोक्त नकारात्मक असरहरूलाई न्यूनीकरण गर्न निम्न व्यवहारिक, प्रविधिक र मितव्ययी उपायहरू अवलम्बन गरिनेछः
- खोला तटीय क्षेत्रमा वृक्षारोपण (घाँस, बुट्यान र रूखरोपण) गरी कटान तथा माटो क्षय नियन्त्रण गरिनेछ।
- प्रस्ताव कार्यान्वयनका क्रममा प्रभावित जनतालाई रोजगारीका अवसर र सिपमूलक
- उत्खन्न कार्य सूर्योदयपछि र सूर्यास्तअघि मात्र, वर्षा नपरेको समयमा सञ्चालन गरिनेछ।
- तोकिएका उत्खन्न क्षेत्रहरूमा क्षमता र निर्देशन उल्लेखित सूचना पाटी वा होर्डिङ बोर्डहरू राखी दिगो उत्खन्नका फाइदाबारे जनचेतना गराइनेछ।
- ➢ कामदारहरूलाई सुरक्षात्मक उपकरण (मास्क, हेलमेट, बुट आदि) उपलब्ध गराइनेछ।
- विद्युत् धराप, बिस्फोटक पदार्थ वा विषादी प्रयोग गरी माछा मार्ने कार्यमा पूर्ण प्रतिबन्ध लगाइनेछ।
- सवारी साधन खोलामा नधुने, पेट्रोलियम पदार्थ नफ्याँक्ने र इन्धन चुहावट रोक्ने व्यवस्था गरिनेछ।
- वाहन नदी बाहिर मात्र धुने र मर्मत कार्य निर्धारित स्थानमै गर्ने व्यवस्था गरिनेछ।
- ट्रक वा ट्र्याक्टरमा क्षमताभन्दा बढी लोड नगर्ने र ढुवानीका क्रममा सुरक्षात्मक उपायहरू अपनाइनेछ।
- सडक र सार्वजनिक स्थानमा ढुङ्गा, गिट्टी र बालुवा थुपार्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।
- खोलाबाट सामग्री निकाल्दा हुने सम्भावित प्रभावबारे सावधानीका सन्देशयुक्त सूचना बोर्डहरू राखिनेछ।
- ➢ खोलाको प्राकृतिक सन्तुलन कायम राख्नका लागि खोलाको दायाँ र बायाँ तटीय भागको एक/एक तिहाई क्षेत्र छोडी बिचको एक तिहाई भागबाट मात्र उत्खन्न/सङ्कलन गरिनेछ। यसले कटान, भू-क्षय र बाढीजन्य जोखिम घटाउनेछ।
- उत्खन्न र ढुवानीका क्रममा उत्पन्न धुलो नियन्त्रणका लागि पानी छर्किने र सामग्री त्रिपालले ढाक्ने व्यवस्था गरिनेछ।

मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय जनकपुरधाम, नेपाल

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर,बारा मधेश प्रदेश,नेपाल

वीरगंज-१६, पर्सा

गणपती राज प्रसाई प्रमुख प्रशासकीय अधिकृत

- औसत गहिराइभन्दा बढी खाल्डाखुल्डी नहुने गरि र प्राविधिक टोलीको निर्देशनअनुसार मात्र संकलन एवं उत्खन्न कार्य गर्ने व्यवस्था मिलाइनेछ।
- वार्षिक संकलन गर्न सकिने स्वीकृत परिधिभित्र रहँदै मात्र नदीजन्य पदार्थको उत्खन्न/सङ्कलन गरिनेछ।

**घ) मानव जिवनमा पर्ने असरः**

मानव जिवनमा देहाय बमोजिमको असर पर्नेछः-

स्वास्थ्यमा पर्ने प्रभाव

- उत्खन्न कार्यले धूलोको मात्रा वृद्धि गर्ने हुँदा स्थानीय बासिन्दाहरूमा श्वासप्रश्वास सम्बन्धी रोगहरूको सम्भावना बढ्नेछ,
- मेसिनहरूको प्रयोग तथा ढुवानीका क्रममा उत्पादन हुने आवाजले मानिसको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्नेछ,
- खोला आसपासको पानी प्रदूषित हुँदा खानेपानीको गुणस्तर खस्किने र पानीजन्य रोगहरूको जोखिम बढ्न सक्नेछ।

**ङ) जनसंख्याको चापः**

जनसंख्यामा देहाय बमोजिमको चाप पर्नेछः

दुधौरा खोला बाट ढुंगा, गिट्टी र बालुवाको उत्खन्न गर्दा आसपासको जनसंख्यामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्ने दबाबको विवरणः-

**आवासीय क्षेत्रमा चापः**

- उत्खन्न गरिने खोलाको तटीय क्षेत्रमा बर्षाको समयमा खोलाको बहाव बढी भएमा वरपर बसोबास गर्ने मानिसहरुमा बाढीको प्रभाव रहनेछ,
- बस्ती विस्तारका लागि आवश्यक पर्ने निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) को अत्यधिक संकलनले स्थानीय स्रोतसाधनको अभाव गराउन सक्नेछ।

**जनसंख्या चाप र प्रतिस्पर्धाः**

- सीमित स्रोतसाधनले मानिसहरूबीच प्रतिस्पर्धा बढाउँछ जसले सामाजिक असन्तोष ल्याउन सक्छ।
- स्वास्थ्य सेवामा चाप
- धुलो र ध्वनि प्रदूषणका कारण स्वास्थ्य समस्या बढ्दा स्थानीय स्वास्थ्य सेवामा अतिरिक्त चाप पर्न सक्छ।
- जनसंख्या चापका कारण औषधि तथा स्वास्थ्यकर्मीको कमी हुने सम्भावना रहन्छ।

न्युनीकरणका उपायहरू

- प्रदूषणजन्य रोगहरूको रोकथामका लागि स्थानीय स्वास्थ्य सेवाको पहुँच बढाइनेछ।
- समुदायलाई सचेत गराउन नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**च) स्थानिय पुर्वाधारमा हुने क्षतिः**

स्थानिय पूर्बाधारमा हुने क्षति देहाय बमोजिम छः-

**सडक र यातायातमा असर**

- भारी सवारी साधन (ट्रक, टिपर, ट्र्याक्टर) को चापले सडक बिग्रने सम्भावना हुन्छ।

**सिंचाइ प्रणालीमा असर**

- उत्खन्नका कारण खोलाको प्राकृतिक बहाव अवरुद्ध भई नहर तथा सिंचाइ प्रणालीमा अवरोध हुन सक्छ।

**खानेपानी प्रणालीमा असर**

- खोलाको किनार नजिक रहेका खानेपानीका मुहानहरू प्रदूषित हुन सक्छन्।

समस्याको समाधानका उपाय (Mitigation Measures)

**सडक मर्मत र सुदृढीकरण**

- भारी सवारी साधनका लागि सडकको नियमित मर्मत तथा संभार गरिनेछ।
- मुख्य सडकमा चाप कम गर्न वैकल्पिक मार्गको विकास गरिनेछ।

अन्य उपायहरू

खोला प्रदूषण रोक्न ढुवानी र मेसिन सञ्चालनमा सावधानी अपनाइनेछ।

**कानूनी औचित्यः**

प्रस्तावित प्रारम्भिक वातावरणीय परिक्षण गर्न उचिंत व्यवहारिक र ठाँउ-विशिष्ट वढोत्तरीकरण/न्युनिकरणका उपायहरुको बारेमा सुझाव दिन प्रारम्भिक वातावरणीय परिक्षण गर्न आवश्यक छ। यस सन्दर्भमा वन नियमावली २०७९ को नियम ३० को उपनियम ५ बमोजिम *राष्ट्रिय वन क्षेत्रभित्र बग्ने नदीबाट नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकेको मापदण्ड र समयावधिको परिमाणमा नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानिय तहले खुल्ला प्रतिस्पर्धाको माध्यम बाट सङ्कलन र बिक्री वितरण गर्न सक्नेछ ।* वातावरण संरक्षण नियमावली, को अनुसूची-२ (क) वन क्षेत्रको बुँदा नं. (६)

"सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वन क्षेत्रभित्रको सिमसार क्षेत्र वा संरक्षण क्षेत्र भएर बहने प्रत्येक नदी, खोला बाट दैनिक ५० घन मिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो संकलन गर्ने"यस्तै वातावरण संरक्षण नियमवाली,२०७७ को अनुसूची-२ को (८) खानी क्षेत्रको (७)" नदीनाला सतहबाट दैनिक १०० घन मिटर भन्दा बढी ३०० घन मिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने" कार्य गर्नु परेमा प्रस्ताव कार्यन्वयन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परिक्षण गराई सम्बन्धित निकायबाट अनिवार्य स्वीकृती लिनु पर्ने रहेको हुँदा प्रस्तावित खोला क्षेत्रको १ प्लटबाट ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने कार्यको लागी IEE प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**प्रस्तावको विशेषताः**

तालिका नंः-१ दुधौरा खोला प्रस्तावका मुख्य विशेषताहरुः

| | | |
|---|---|---|
| १. | **प्रस्तावको नाम** | दुधौरा खोला क्षेत्रबाट दिगो एवं व्यवस्थित रुपमा ढुङ्गा, गिट्टी र बालुवाको उत्खन्न ,संकलन गरी बिक्री वितरण गर्ने कार्य |
| २. | **प्रस्तावको अवस्थिती (स्थान)** | |
| | प्रदेश | मधेश प्रदेश |
| | जिल्ला | बारा |
| | नदी/खोलालाई छुने गा.पा. / न.पा. | जीतपुरसिमरा उपमहानगरपालिका |
| ३. | **भौगोलिक/हावापानी प्रकृति एवं विवरण** | |
| | खोलाको नाम | दुधौरा खोला |
| | खोलाको प्रकार | बर्षाको समयमा मात्र पानीको पर्याप्त बहाव भएको र अन्य समयमा सुख्खा |
| | भू-बनोट | बलौटे ढुङ्गा (Sandstone), माटे ढुङ्गा (Mudstone) र संगुटिका (Conglomerate), शेल (Shale), मार्ल (Marl) र क्लेस्टोन (Claystone) |
| | माटोको प्रकार | प्रस्तावित क्षेत्रको चुरे आसपास पहेंलो र रातो बलौटे माटो अत्याधिक छ भने चुरेक्षेत्र तल बालुवा, ग्राभेल माटोको बाहुल्यता रहेको छ।वन क्षेत्रभन्दा दक्षिणतर्फ भने पहेलो खैरो उब्जाउ माटो रहेको समथर भू-भाग छ।यस क्षेत्रमा प्राय Loam र Sandy loam Soil पाउने गरेको छ। |
| | उचाई | ११८ मीटर |

| | | |
|---|---|---|
| | हावापानी/जलवायु | औषत तापक्रमः अधिकतम् ३१.३ डि से., न्यूनतम् १८ डि. से.<br>औषत वर्षाः १७६० मि. मि.<br>हावापानी/जलवायुः उष्ण देखि उपोष्ण |
| | प्रभावित क्षेत्रको भूउपायोग | खेतीपाती, बस्ती र वनजंगल |
| ४. | **संकलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया** | |
| | संकलन/उत्खनन् क्षेत्र | दुधौरा खोलाको हाईवे प्लट र खयरघारी प्लट जम्मा २ वटा प्लट क्षेत्र |
| | संकलन/उत्खनन् क्षेत्रको अवस्थित (आक्षांश/देशान्तर) | **दुधौरा खोलाको G.P.S. Coordinate** (see tables below) |

**दुधौरा खोलाको G.P.S. Coordinate**

**PLOT NO.1**

| पूर्वी किनार X र Y को Coordinate | बिचको भाग X र Y को Coordinate | बिचको गहिराई Deposition | चौडाई | पश्चिम निनार X र Y को Coordinate |
|---|---|---|---|---|
| X= 302747<br>Y= 3007618 | X= 302718<br>Y= 3007591 | 75 | 30 | X= 302706<br>Y= 3008071 |
| X= 302599<br>Y= 3007882 | X= 302505<br>Y= 3007894 | 80 | 90 | X= 302998<br>Y= 3008191 |
| X= 302784<br>Y= 3008123 | X= 302998<br>Y= 3008191 | 80 | 50 | X= 302971<br>Y= 3008316 |
| | | **78.33** | **56.66** | |

**PLOT NO.2**

| पूर्वी किनार X र Y को Coordinate | बिचको भाग X र Y को Coordinate | बिचको गहिराई Deposition | गहिराई | पश्चिम निनार X र Y को Coordinate |
|---|---|---|---|---|
| X= 302562<br>Y= 3006186 | 27.164495<br>85.007039 | 65 CM | 60 cm | 302514<br>3006237 |
| X= 302599<br>Y= 3006469 | 27.166624<br>85.007390 | 60 CM | 60 cm | 302606<br>3006454 |
| X= 302552<br>Y= 3006743 | 27.169103<br>85.007252 | 55 CM | 55 cm | 302581<br>3006739 |
| | | 63 | 60 | |

| | | |
|---|---|---|
| | प्रस्ताव क्षेत्रमा जाने पहुँच मार्ग | पूर्व पश्चिम राजमार्ग सडक खण्डको बारा जिल्लाको दुधौरा पूलदेखि दक्षिण जाने बाटो, सिमरा-डुमरवाना सडक खण्डको दुधौरा पुलदेखि खोलामा जाने बाटोहरु पहुँच मार्गको रुपमा रहेको। |
| | संकलन/उत्खनन् विधि | स्थानिय श्रमिकहरुबाट सामान्य कुटो, कुदालो, साबेल, गैंती, बेल्चा आदि प्रयोग गरी संकलन/उत्खनन् गर्ने। यदि J.C.B. वा स्काभेटर प्रयोग गर्नु पर्ने अवस्था भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री वितरण व्यवस्थापन सम्बन्धी मापदण्ड, |

| | | |
|---|---|---|
| | | २०७७ बमोजिम प्रविधिक टोलीको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार प्रयोग गर्न सकिनेछ। |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिन | सावेल, डोको, बेल्चा, कुदालो र गैंती |
| | उत्खन्नको परिमाण (दैनिक/वार्षिक) | दैनिक परिमाण- ५८.४७७ घन मीटरसम्म<br>वार्षिक परिमाण-१५७८९.०३ घन मीटरसम्म |
| | संकलन/उत्खन्न गरिने अवधि | अश्विन-जेष्ठ महिनासम्म (जम्मा ९ महिना/२७० दिन) सूर्योदयदेखि सूर्यास्तसम्म मात्र संकलन/उत्खन्न गरिनेछ। |
| | संकलन/उत्खनन् स्थलको संख्या | जम्मा-२ (दुई) वटा प्लट |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू | ढुङ्गा, गिट्टी र बालुवा |
| | प्रस्तावत अन्तर्गतका कार्यहरू | उत्खनन्, संकलन, घाटगद्दी र ढुवानी |
| | प्रभावित स्थानीय तहहरु | जीतपुरसिमरा उपमहानगरपालिकाका वार्ड नं. १ र १४ |
| ५. | **IEE प्रतिवेदनको वैधानिकता** | प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्षको हुनेछ। |

श्रोत: स्थलगत निरिक्षण,२०८२

सुनरस कन्सल्टेन्सि एण्ड ट्रेडर्स प्रा. लि. वीरगंज-१६, पर्सा

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर,बारा मधेश प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# परिच्छेद ३
# प्रस्तावको विवरणः

## क) प्रस्तावको किसिमः

### १) प्रशोधन गर्नेः

प्रस्तावित उत्खन्न तथा संकलन क्षेत्रबाट दिगो तथा वातावरणीय मैत्री हिसाबले वार्षिक रूपमा जम्मा भएको ढुङ्गा, गिट्टी र बालुवा संकलन गरि बिक्री वितरण गरिनेछ। संकलन गरिएका सामग्रीहरूलाई आवश्यकता अनुसार क्रसर वा बालुवा प्रशोधन उद्योगले प्रशोधन गरी निर्माण सामग्रीको रूपमा प्रयोगका लागि आपूर्ति गरिनेछ।

### २) उत्पादन गर्नेः

दुधौरा खोलाको दुई वटा प्लटबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खन्न एवं संकलन गरिनेछ।




Q=(L*W)*D

जहाँ,

L = उत्खन्न क्षेत्रको लम्बाई (मि.) (Length of the extraction site (M))

W = उत्खन्न क्षेत्रको औषत चौडाई (मि.) (Average width of the extraction site used for extraction (M))

D = उत्खन्न क्षेत्रको औषत गहिराई (मि.) (Average depth of the extraction site used for extraction (M))

Q = पदार्थ संचितिको मात्रा (घन मि.) (Quantity of sediment deposit ($M^3$))

L*W = उत्खन्न/सङ्कलन क्षेत्रको क्षेत्रफललाई जनाउँछ।

उत्खन्न क्षेत्रमा सञ्चित नदीजन्य पदार्थको गहिराई मापन गर्नको लागि जे.सि.विको प्रयोग गरि खाल्डो खन्नि गहिराई मापन गरिएको थियो।

दुधौरा खोलाबाट उत्खन्न तथा संकलन गर्न सकिने ढुङ्गा, गिट्टी, तथा बालुवाको परिमाणः

| सि.नं. | प्लट नं. | लम्बाई (मिटर) | औषत चौडाई | औषत चौडाईको एक तिहाई चौडाई (मिटर) | गहिराई (मिटर) | कुल संचिति (घन मिटर) | वार्षिक संकलन गर्न सकिने अधिकतम परिमाण (कुल संचितको ८०%) घ.मि. मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ९०० | ५६.६६ | १८.८७ | ०.७८३ | १३२९७.६८ | १०६३८.१५ | |
| २ | २ | ५११ | ६३ | २१ | ०.६० | ६४३८.६ | ५१५०.८८ | |
| | जम्मा | | | | | १९७३६.२९ | १५७८९.०३ | |

**नोटः**

I. IEE प्रतिवेदनको बैधानिकता स्वीकृत भएको मिति देखि २ वर्षको हुनेछ।
II. संकलन भएको नदीजन्य पदार्थको लिलाम बिक्रि वन नियमावली, २०७९ को नियम ३० को उपनियम ५ बमोजिम सम्वन्धित डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानिय तहले खुल्ला प्रतिस्पर्धाको माध्यम बाट सङ्कलन र बिक्री वितरण गर्नेछ,
III. बिक्रि हुन नसेकोको अवस्थामा रकम र सरकारी ठेक्का बन्दोवस्त,२०२० अनुसार गरिनेछ।
IV. उपमहानगरपालिका क्षेत्र अन्तर्गत विकास निर्माण कार्यको लागि उपमहानगरपालिकले आफ्नै स्रोत साधन प्रयोग गरि IEE प्रतिवेदनको परिमाण परिधि भित्र रहेर उत्खन्न एंव संङ्कलन गर्न सकिनेछ ।

| सि.नं. | प्रस्तावित क्षेत्र | जि.पि.एस.लोकेसन |
|---|---|---|
| १. | दुधौरा | PLOT NO.1, PLOT NO.2 (तल) |

PLOT NO.1

| पूर्वी किनार X र Y को Coordinate | बिचको भाग X र Y को Coordinate | बिचको गहिराई Deposition | चौडाई | पश्चिम निनार X र Y को Coordinate |
|---|---|---|---|---|
| X= 302747 Y= 3007618 | X= 302718 Y= 3007591 | 75 | 30 | X= 302706 Y= 3008071 |
| X= 302599 Y= 3007882 | X= 302505 Y= 3007894 | 80 | 90 | X= 302998 Y= 3008191 |
| X= 302784 Y= 3008123 | X= 302998 Y= 3008191 | 80 | 50 | X= 302971 Y= 3008316 |
| | | 78.33 | 56.66 | |

PLOT NO.2

| पूर्वी किनार X र Y को Coordinate | बिचको भाग X र Y को Coordinate | बिचको गहिराई Deposition | चौडाई से.मि. | पश्चिम निनार X र Y को Coordinate |
|---|---|---|---|---|
| X= 302562 Y= 3006186 | 27.164495 85.007039 | 65 CM | 75 | 302514 3006237 |
| X= 302542 Y= 3006469 | 27.166624 85.007390 | 60 CM | 80 | 302606 3006454 |
| X= 302552 Y= 3006743 | 27.169103 85.007252 | 55 CM | 80 | 302581 3006739 |
| | | 60 c.m | 63 c.m | |

**चित्रः-१ दुधौरा खोलाबाट संकलन गरिने नदीजन्य पदार्थको नक्सा**




मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

महाशाखा प्रमुख

नगर कार्यपालिकाको कार्यालय
जीतपुर,बारा
मधेश प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner







मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल
शाखा प्रमुख

सुनरस कन्सल्टेन्सि एण्ड ट्रेडर्स प्रा. लि.
वीरगंज-१६, पर्सा

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर,बारा
मधेश प्रदेश,नेपाल

**चित्र:२-अनुगमन र चेकजाँच गरिएको फोटोहरु**







**नदीजन्य पदार्थ उत्खन्न/सङ्कलन गरिने प्रक्रिया:**

खोलाको उत्खन्न तथा संकलन कार्यलाई थप व्यवस्थित गर्न र वातावरणीय दृष्टिले नकारात्मक प्रभाव न्यूनीकरण गर्न, स्वीकृत IEE प्रतिवेदन अनुरूप निम्न प्रक्रिया तथा विधिहरू अवलम्बन गरिनेछः

**समयको सीमा:**

असार, श्रावण र भाद्र महिनामा नदीजन्य पदार्थ उत्खन्न तथा संकलन गर्न पाइने छैन।

**उत्खन्नको स्थान र गहिराई:**

- खोलाको बहाव क्षेत्र बाहेक, खोलाले थुपारेका ढुङ्गा, गिट्टी र बालुवा मात्र संकलन गरिनेछ।

➢ प्रत्यक्ष नापजाँच गरी तोकिएको क्षेत्रभित्र ०.६९ से.मि. गहिराईसम्म मात्र उत्खन्न गर्न पाइनेछ।

**निषेधित क्षेत्र:**

पक्की मोटर पुलको तलतिर १००० मिटर र माथितिर ५०० मिटरको क्षेत्रमा कुनै पनि उत्खन्न वा संकलन गर्न पाइने छैन।

**खोलाको प्राकृतिक बहाव:**

खोलालाई कृत्रिम रूपमा Divert गर्न पाइने छैन।

**भौतिक संरचना सुरक्षा:**

सिंचाई कुलो, सडक तथा अन्य भौतिक संरचनामा असर पर्ने गरी उत्खन्न वा संकलन गर्न पूर्णतया निषेध गरिनेछ।

**कार्य समय:**

रातिको समयमा (सूर्योदय पूर्व र सूर्यास्त पश्चात) कुनै पनि तरिकाबाट नदीजन्य पदार्थ उत्खन्न/सङ्कलन गर्न पाइने छैन।

**३) संकलन गर्ने:**

- उत्खन्न क्षेत्रको चारकिल्ला डिभिजन वन कार्यालयको प्राविधिक र स्थानिय उपभोक्ता समुहको प्रतिनिधिको रोहबरमा छुट्याइनेछ।
- छुट्याइएको चारकिल्लामा झण्डा गाडिनेछ र विवरण हुडिङ बोर्डमा उल्लेख गरिनेछ।
- यसरी छुट्याइएको क्षेत्रभित्र मात्र संकलन र उत्खन्न गर्ने व्यवस्था मिलाइनेछ।

**ख) डेलिभरी गर्नेः**

यस प्रस्तावमा डेलिभरी गर्ने व्यवस्था सान्दर्भिक छैन।

**ग) प्रस्तावकोः**

**१) जडान क्षमता**

यस प्रस्तावको लागि जडान क्षमता सान्दर्भिक नभएको।

**घ) प्रयोग गरिने सामग्री (परिमाण र बर्ष उल्लेख गर्ने।**

दुधौरा खोलाबाट दिगो र व्यवस्थित रूपमा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी र बालुवा) उत्खन्न र संकलन गर्दा विभिन्न सामग्रीहरूको प्रयोग आवश्यक पर्दछ। यी सामग्रीहरू वातावरणीय प्रभाव न्यूनीकरण गर्दै सुरक्षित र प्रभावकारी उत्खन्न सुनिश्चित गर्न प्रयोग गरिनेछ।प्रस्तावित क्षेत्रबाट प्रतिदिन ५८.४७७ घन मिटरका दरले प्रति बर्ष १५७८९.०३ घन मिटर भन्दा बढी निकाल्नेछैन।

**उत्खन्नका लागि प्रयोग हुने सामग्रीहरूः**

- सावेल, डोको, बेल्चा, कोदालो, गैतीं, ट्याक्टर आदि प्रयोग गरिनेछ।
- ढुंगा र बालुवा खन्ने तथा संकलन गर्ने कार्यमा मेसिन प्रयोग गरिने छैन।

**ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुनेः**

**१) ठोसः**

प्रस्तावित खोलाबाट ठोस नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) १५७८९ घन मिटर संकलन गरिनेछ। मानव क्रियाकलापबाट निस्कने फोहरमा खाना खाएको अवशेष, प्लास्टिकका बोतल तथा अन्य नबिग्रिने पदार्थहरू समावेश हुनेछन्।

**२) तरलः**

नदीजन्य पदार्थ संकलनका लागि प्रयोग गरिने मेसिनरीबाट तेल, ग्रीस, र अन्य रसायनहरूको चुहावट वा उत्सर्जन हुन सक्नेछ।

**३) वायुः**

संकलन र ढुवानीको क्रममा गिट्टी, बालुवा र माटोका कणहरू हावामा उड्नेछन्।

यसले वायुमण्डलमा घना कणीय पदार्थ (Particulate Matter–PM) को मात्रा बढाउनेछ।

**४) ग्यााँसः**

प्रस्ताव कार्यान्वयन गर्दा उल्लेखनीय ग्यास उत्सर्जन हुने छैन।

तर ढुवानीका क्रममा ट्र्याक्टर तथा अन्य सवारी साधनबाट CO (Carbon Monoxide) र $CO_2$ (Carbon Dioxide) उत्सर्जन हुनेछ।

**५) ध्वनि:**

ढुङ्गा गिट्टी र बालुवा उत्खननका क्रममा उत्पन्न हुने ध्वनि प्रदूषणले वातावरण, मानव स्वास्थ्य र जैविक विविधतामा प्रतिकूल असर पार्नेछ। ढुवानी साधनहरूको ठूलो आवाजले स्थानीय बासिन्दा तथा जंगली जनावरहरूलाई असर पुऱ्याउनेछ।

**६) धुलो:**

उत्खन्न र ढुवानीको क्रममा धुलो उत्सर्जन हुनेछ जसले वातावरणीय गुणस्तरमा असर पार्नेछ।

**च) उर्जाको विवरण:**

प्रस्ताव कार्यान्वयन गर्नका लागि छुट्टै उर्जा संरचना आवश्यक छैन। ढुङ्गा, गिट्टी र बालुवा उत्खन्न तथा संकलनमा प्रयोग हुने सवारी साधनहरूको लागि डिजेल, मोबिल र पेट्रोल चाहिनेछ।

**छ) जनशक्तिको विवरण:**

IEE प्रतिवेदन तयार गर्नका लागि वन विज्ञसहित ५ जनाको प्राविधिक टोली आवश्यक हुनेछ। नदीजन्य पदार्थ उत्खन्न, संकलन र ढुवानीका लागि करिब १५७८९.०३ श्रमदिन बराबरको रोजगार स्थानीय स्तरमै सिर्जना हुनेछ।

**१) जमिनको क्षेत्रफल:**

यस खोलाबाट उत्खन्न तथा संकलन गर्न प्रयोग गरिने कुल क्षेत्रफल २.७७ हेक्टर हुनेछ। उत्खन्न हुने क्षेत्र सरकारी र वन क्षेत्र अन्तर्गत पर्नेछ।

**२) भवन र तिनका किसिम:**

प्रस्ताव कार्यान्वयन गर्दा कुनै किसिमको नयाँ भवन वा संरचना निर्माण गरिने छैन।

**३) मेशिनरी औजार:**

प्रयोग हुने औजारहरू: सावेल, बेल्चा, डोको, कोदालो, गैती, ट्र्याक्टर आदि। स्काभेटर, JCB आदि भारी मेसिन प्रयोग गरिने छैन। तर जरुरी परिस्थिति उत्पन्न भएमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार मात्र प्रयोग गर्न सकिनेछ।

**४) अपराध, दण्ड तथा जरिवाना:**

| | |
|---|---|
| **अपराध** | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत नगरी वा स्वीकृत प्रतिवेदनको विपरीत कुनै प्रस्ताव कार्यान्वयन गरेमा। |
| **दण्ड तथा जरिवाना** | वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ बमोजिम रु. १०,००,००० (दश लाख रुपैयाँ) सम्म जरिवाना लाग्नेछ। |

## झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण:

### १) नक्सा: गुगल नक्सामा आयोजना क्षेत्र:

नक्सा: गुगल नक्सामा आयोजना क्षेत्रको:






GIS र गुगल अर्थ, 2025 फोटो

## २) सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिती:

प्रस्तव कार्यान्वयन हुने स्थानिय तहको कुल क्षेत्रफल क्रमशः ३१४ वर्ग मिटर जसमा विभिन्न जातजाती, भाषाभाषी तथा संस्कृति र परम्पराले भरिपुर्ण क्रमशः ११७,९५० जनसंख्याको बसोबास रहेको छ।

(राष्ट्रिय जनगणना २०७८)

## ३) सो क्षेत्र र वरिपरिको वनस्पतिको विवरण:

आयोजना क्षेत्र वन क्षेत्र भएकोले देहाय बमोजिमको बनस्पतिहरु पाईन्छ:

| सि.नं. | स्थानीय नाम | बैज्ञानिक नाम |
|---|---|---|
| | सिसौं | *Dalbergia sisso* |
| | मसला | *Eucalyptus camaldunlensis* |
| | जामुन | *Syzygium cumini* |
| | साल | *Shorea robusta* |
| | सिमल | *Bombax ceiba* |
| | खयर | *Accacia catechu* |

| | | |
|---|---|---|
| | बर | *Ficus bengalensis* |
| | पिपल | *Ficus religiosa* |
| | आँप | *Mangifera indica* |
| | असना | *Terminalia elliptica* |
| | कर्मा | *Adiena cordifolia* |
| | सिरिष | *Albizzia lebbeck* |

स्रोतः फिल्ड सर्भेक्षण, २०८२

**वन्यजन्तु, पंक्षि तथा सरिसृपः**

खोला क्षेत्रमा संरक्षित वन्यजन्तु, चराहरु तथा सरिसृपहरु रहेको छ। जसको विवरण तल तालिकामा दिइएको छ ।

| S.N. | Name | Scientific Name | IUCN Category |
|---|---|---|---|
| | Mammals | | |
| | Indian giant squirrels | *Ratufa Indica* | - |
| | Common grey mongeese | *Herpestes edwardsi* | Least Concerned |
| | Jackles | *Cannes aurous* | Least Concerned |
| | Birds | | |
| | Thulokatle Kathfor | *Picus squamatus* | Least Concerned |
| | Kaalo Kag | *Corvus macrorhynchos* | Least Concerned |
| | Gulafi Tauke Suga | *Sittacula roseata* | Least Concerned |
| | Reptiles | | |
| | Indian cobras | *Naja naja* | - |
| | Goman | *Pseudoxenodon macrops* | Least Concerned |
| | Karet | *Bungarus caeruleus* | Least Concerned |
| | Mausuli | *Zootoca vivipara* | Least Concerned |
| | Chheparo | *Sitana ponticeriana* | Least Concerned |
| | Bhyaguta | *Rana cyanophylectis* | Least Concerned |

**४) संवेदनशील वस्तुको विवरणः**

प्रस्ताव क्षेत्र वन क्षेत्र भित्र पर्छ।

यसका अतिरिक्त अन्य कुनै पनि संवेदनशील वस्तु (जस्तै धार्मिक स्थल, ऐतिहासिक सम्पदा, विद्यालय, अस्पताल आदि) यस क्षेत्रमा अवस्थित छैन।

**५) हालको स्थितीः**

खोलामा सञ्चित गिट्टी र बालुवाको गहिराइ JCB प्रयोग गरी खाल्डो खनेर मापन गर्दा ०.७८ मि. देखि ०.५६ मिटर सम्म देखियो तर सरदर गहिराई ०.६९ कायम गरिएको छ। संचित पदार्थलाई समयमा उत्खन्न नगरेमा खोलाले आफ्नो धार परिवर्तन गर्ने, दायाँ-बायाँ किनार कटान गर्ने र वन क्षेत्रलाई नोक्सानी पुर्‍याउने सम्भावना छ। सतहमा निरन्तर थिग्रिनाले खोलाको प्रवाह अवरुद्ध भइरहेको छ। स्थानीय बासिन्दाका अनुसार, विगत १० वर्षदेखि खोलाले आफ्नो धार

परिवर्तन गर्दै आएको छ। अतः, संचित ढुङ्गा, गिट्टी र बालुवाको उत्खन्न तथा संकलन अत्यावश्यक देखिन्छ।

प्रस्तावित दुधौरा खोला बारा जिल्लाको पूर्व र उत्तर दिशामा अवस्थित छ। पूर्व-पश्चिम राजमार्गबाट सो क्षेत्र सजिलै पुग्न सकिन्छ। बारा जिल्लाको सदरमुकाम कलैयाबाट प्रस्तावित क्षेत्र करिब १८ कि.मी. देखि १९ कि.मी. दूरीमा अवस्थितमा पुर्व र उत्तर दिशा तर्फ अवस्थित छ। खोलाको GPS Location तालिका नं. १ मा उल्लेख गरिएको छ।

**६) पानीको श्रोतः**

उत्खन्न तथा संकलन कार्यमा संलग्न कामदारहरूले नजिकैको गाउँबस्तीको धाराबाट पानी ल्याउनेछन्। अतिरिक्त रूपमा बोतलबन्द पिउने पानीको व्यवस्था पनि गरिनेछ।

**७) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्नेः**

- यस कार्यबाट वातावरणीय प्रतिकूल असर पार्ने गरी ठुलो फोहर उत्सर्जन हुने छैन।
- श्रमिकहरूबाट निस्कने ठोस तथा तरल फोहरको उचित व्यवस्थापन गरिनेछ।

**८) प्रस्ताव कार्यान्वयन हुने ठाँउमा आवत जावत गर्ने बाटोः**

प्रस्तावित दुधौरा खोला वन क्षेत्र भएर बग्ने भएकोले बाटोको अवस्था राम्रो छैन। उत्खन्न तथा संकलित नदीजन्य पदार्थ ढुवानीका लागि एक निश्चित मार्ग निर्धारण गरिएको छ, जुन जीतपुरसिमरा उपमहानगरपालिका वार्ड नं.-१, ४ र १४ मा पर्दछ।

**९) उत्पादन प्रक्रियाः**

प्रस्ताव कार्यान्वयन गर्दा कुनै उत्पादन प्रक्रिया हुँदैन।

**१०) प्रविधिको विवरणः**

दुधौरा खोलाबाट नदीजन्य पदार्थ उत्खन्नमा श्रम-मूलक प्रविधि प्रयोग गरिनेछ।

**प्रयोग हुने प्रविधिहरूलेः**

- कार्यलाई दिगो, प्रभावकारी र सुरक्षित बनाउनेछन्।
- वातावरणीय प्रभाव न्यूनिकरण गर्नेछन्।
- दिगो र वातावरणमैत्री उत्खन्न सुनिश्चित गर्नेछन्।

**११) प्रस्ताव कार्यान्वयन गर्नको लागि गरिएको सार्वजनिक सुनुवाईको विवरणः**

**क) सार्वजनिक सूचना**

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनलाई पारदर्शी बनाउन, प्रस्तावित कार्यान्वयनका सम्भावित असरबारे समुदायसँग राय तथा सुझाव संकलन गरिएको थियो। यस प्रक्रियाले समुदायलाई सकारात्मक असरको लाभ अधिकतम हुने र नकारात्मक असर न्यून हुने उपायहरू

पहिचान गर्न सहयोग गरेको थियो। मिति २०८२/०२/१२ गते वीरगंजबाट प्रकाशित 'वीरगंज न्युज-२४ दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको थियो। सूचना सम्बन्धित सरोकारवाला निकायहरूमा पठाई भर्पाई लिइएको थियो। सोही आधारमा सरोकारवाला निकायहरूबाट प्राप्त राय र सुझावहरू संकलन गरी प्रतिवेदनमा समावेश गरिएको छ।

## ख) सार्वजनिक सुनुवाइः

पूर्वनिर्धारित तालिका अनुसार मिति २०८२/०३/२७ गते सरोकारवाला निकायहरूको उपस्थितिमा सार्वजनिक सुनुवाइ सम्पन्न गरियो। सुनुवाइको क्रममा प्रस्ताव कार्यान्वयन गर्दा हुने अनुकूल तथा प्रतिकूल प्रभावहरूबारे विस्तृत छलफल गरियो। सकारात्मक प्रभाव प्रवर्द्धन गर्ने र नकारात्मक प्रभाव न्यूनीकरण गर्ने उपायहरूबारे पनि छलफल गरिएको थियो।

## ग) सार्वजनिक सुनुवाइका क्रममा सरोकारवालाहरूले उठाएका सवालहरू

- उपमहानगरपालिकाले ठेक्का पट्टा गर्दा ठेकेदारबाट सम्झौता अनुसार कार्य भएको।
- प्रभावकारी रूपमा अनुगमन नभएको।
- ठेकेदारले खोलामा खाल्डा खनेर नदीजन्य पदार्थ संकलन गरेको।
- संकलनबाट प्राप्त रकम तटबन्धमा खर्च नगरी अन्यत्र प्रयोग गरिएको।
- खोलाको माथिदेखि तलसम्म सम्पूर्ण भागमा IEE गर्नुपर्ने। अवादी क्षेत्रको समेत IEE हुनु पर्ने।

## घ) प्राथमिकतामा नपरेका सवालहरू हटाउनुको औचित्यः

**सीमित स्रोतसाधनको उपयोगः** समय, बजेट र मानवशक्ति सीमित भएकाले सबै सवाल सम्बोधन गर्न सम्भव नभएको।

**प्रभाव क्षेत्रको सीमांकनः** केही सवाल प्रस्तावको प्रत्यक्ष प्रभाव क्षेत्रभन्दा बाहिरका भएकाले प्राथमिकतामा नराखिएको।

**व्यावहारिकता र सम्भाव्यताः** प्राविधिक वा कानुनी रूपमा असम्भव सवाल प्राथमिकताबाट हटाइएको।

**साझा चासोको अभावः** केही सवाल व्यक्तिगत वा सानो समूहको मात्र चासो भएकाले साझा हित भएका सवाललाई मात्र प्राथमिकतामा राखिएको।

## ङ) सार्वजनिक सुनुवाईको निर्णय

**निर्णयहरु**

प्रस्ताव नं. १ माथी छलफल हुँदा जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रअन्तर्गत पर्ने दुधौरा खोलाको IEE प्रतिवेदन कार्यान्वयन गर्दा हुने प्राकृतिक, भौतिक, जैविक, सामाजिक, आर्थिक र

सांस्कृतिक प्रभावबारे छलफल गरियो। छलफलबाट सकारात्मक र नकारात्मक दुवै प्रभावहरू पहिचान गरिएको छ।

**सकारात्मक प्रभावः**

- खोलाको नियन्त्रण हुने।
- खोला कटान रोकथाम हुने।
- रोजगारीको अवसर वृद्धि हुने।
- आय आर्जनमा वृद्धि हुने।
- आयश्रोत र जनसहभागितामा वृद्धि हुने।
- बाटो तथा सडक सञ्जालमा सुधार हुने।
- जीतपुरसिमरा उपमहानगरपालिकाको राजस्वमा वृद्धि हुने।
- अनियमितता घट्ने।
- विकास निर्माण सामग्रीको उपलब्धता हुने।
- स्रोतको वैज्ञानिक तथा दिगो व्यवस्थापन हुने।

**नकारात्मक प्रभावः**

- वायू र ध्वनि प्रदूषण हुने।
- खोला किनार कटान हुने सम्भावना रहने।
- स्थानीय र ठेकेदारबीच विवाद हुन सक्ने।
- पानीको बहाव परिवर्तन हुने सम्भावना रहने।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा उत्खन्न तथा संकलनबाट प्राप्त रकममध्ये १०% रकम नदी नियन्त्रण कार्यमा खर्च गर्ने।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा नकारात्मक प्रभावभन्दा सकारात्मक प्रभाव बढी रहेको ठहर गरिएकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिका लागि सिफारिस गर्ने।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा क्षेत्रको हरियाली कायम राख्न, सम्बन्धित सव-डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहको सहकार्यमा हरेक वर्ष कम्तिमा ५०० बिरुवा रोप्ने र त्यसको संरक्षणको व्यवस्था मिलाउने।

**रायसुझाव संकलन**

सम्बन्धित वार्ड कार्यालय, स्कुल र स्वास्थ्य सेवा केन्द्रबाट रायसुझाव संकलन गरी प्रतिवेदनमा समावेश गरिएको छ।

## परिच्छेद ४

## प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावः

प्रस्ताव कार्यान्वयनबाट आंशीक रुपमा स्थानीय भौतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक र जैविक वातावरणमा प्रभाव पार्ने देखिन्छ। उत्पन्न प्रभावहरु दुवै सकारात्मक तथा नकारात्मक रहेका छन्।

**सकारात्मक प्रभावहरुः**

### १) स्थानीयलाई रोजगारीको अवसर सिर्जना हुने

प्रस्ताव क्षेत्रका अधिकांश जनता खेतीपातीमा निर्भर रहेका छन्। यो प्रस्तावले उनीहरुलाई वाह्य आम्दानीको ढोका खोल्ने छ। यसको अधिकतम फाइदा भुमिहिन र थोरै जग्गा जमीन भएको मानिसले लिन सक्छन्। खासगरि ढुगा, गिट्टी र बालुवा संकलन गरि जिविकोपार्जन गर्ने कम आयश्रोत भएका कामदारहरुको लागि प्रस्तावित प्रस्तावबाट प्रत्यक्ष फाईदा पुग्ने देखिन्छ यो प्रस्ताव मानव श्रोत प्रयोग गरि कार्यान्वयन हुने हुँदा धेरै भन्दा धेरै कामदारहरु चाहिने हुनाले स्थानिय कामदारहरुले रोजगारी पाउने छन। एक अनुमान अनुसार स्थानियलाई १५७८९ श्रम दिन बारबरको रोजगारी उपलब्ध हुनेछ।

### २) उपमहानगरपालिका र मधेश प्रदेश सरकारको आयश्रोतमा वृद्धि हुने

उत्खन्न/संकलन कार्यले नगरपालिका र मधेश प्रदेश सरकारको राजश्वमा वृद्धि हुन्छ। जसबाट उठेको राजश्वले नगरपालिकाको अन्य विकास निर्माणका कामहरु गर्न सहज हुनेछ।

### ३) स्थानीय जनताको आयश्रोत र जनसहभागितामा वृद्धि हुने

ढुंगा, गिट्टी र बालुवा संकलन गरि जिविकोपार्जन गर्ने कम आयश्रोत भएका कामदारहरुको लागि प्रस्तावित प्रस्तावबाट प्रत्यक्ष फाईदा पुग्ने देखिन्छ जसबाट स्थानीय जनताको आयश्रोतमा पनि वृद्धि हुनुका साथै जनसहभागितामा वृद्धि हुने देखिन्छ।

### ४) विकास निर्माण समाग्रीको उपलब्धता

प्रस्तावको कार्यान्वयनबाट संघ, प्रदेश, नगरपालिकाले संचालन गर्ने विकास निर्माणको लागि आवश्यक पर्ने निर्माण समाग्री सहज र शुलभ रुपमा उपलब्ध हुन गई विकास निर्माणको कार्य हुने। यस्तै सर्वसाधारणको लागि आफ्नो भौतिक संरचना निर्माण गर्नको लागि ढुङ्गा, गिट्टि र बालुवा उपलब्ध हुनेछ।

### ५) श्रोतको वैज्ञानिक एवं दिगो व्यवस्थापन हुने

नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको संकलन र उत्खन्न कार्य वैज्ञानिक तरिकाले हुने भएकोले श्रोतको दिगो व्यवस्थापन हुने देखिन्छ।

### ६) खोलाको वहावमा व्यवस्थापन हुने

खोलाको दाँया र बाँया एक/एक तिहाई भाग छाडी बिचको भागबाट वैज्ञानिक तरिकाले संकलन/उत्खन्न कार्य गर्ने र किनाराको भागमा तटबन्ध गरिने हुँदा खोला आफ्नो प्राकृतिक वहावमा बगी बाढी नियन्त्रणमा सहयोग पुग्ने देखिन्छ।

**सकारात्मक प्रभावको बिश्लेषण तालिका**

| SN | Impact Category | Description | Significance |
|---|---|---|---|
| १ | रोजगारीको अवसर | करिब १५७८९ श्रम-दिन बराबर रोजगारी सिर्जना हुनेछ, भूमिहीन तथा कम आय भएका वर्ग प्रत्यक्ष लाभान्वित हुने। | High |
| २ | स्थानीय आयश्रोत/राजस्व | उपमहानगरपालिका र प्रदेश सरकारको राजस्व बढ्ने, स्थानीय आम्दानीमा वृद्धि हुने। | High |
| ३ | निर्माण सामग्री उपलब्धता | विकास निर्माणका लागि ढुङ्गा, गिट्टी र बालुवा सहज रूपमा उपलब्ध हुने। | Medium |
| ४ | स्रोतको वैज्ञानिक व्यवस्थापन | उत्खन्न/सङ्कलन कार्य वैज्ञानिक तरिकाले हुने भएकाले स्रोतको दिगो व्यवस्थापन सुनिश्चित हुने। | Medium |
| ५ | खोलाको बहाव व्यवस्थापन | खोला किनार छोडी बीच भागबाट मात्र उत्खन्न हुँदा खोलाको प्राकृतिक बहाव सुरक्षित हुने, बाढी नियन्त्रणमा सहयोग पुग्ने। | Medium |

**नकारात्मक प्रभाव**

१) वायुमण्डलीय प्रदूषण

उत्खन्न र ढुवानी कार्यका कारण धुलो (Dust) र कणीय पदार्थ (Particulate Matter) वायुमण्डलमा फैलिनेछ। यसले स्थानीय बासिन्दामा श्वासप्रश्वास सम्बन्धी समस्या (जस्तै दम, खोकी, एलर्जी) बढाउन सक्छ।

२) ध्वनि प्रदूषण

ढुवानी साधन (ट्रक, ट्र्याक्टर, टिपर) र मेसिनरी संचालनले ठूलो आवाज उत्पन्न गर्नेछ। यसले स्थानीय समुदायको मानसिक स्वास्थ्यमा असर गर्ने र जैविक विविधता (पंक्षी, जंगली जनावर) लाई विस्थापित गर्न सक्छ।

३) जल प्रदूषण

उत्खन्न र ढुवानीका क्रममा तेल, ग्रीस र पेट्रोलियम पदार्थ चुहावट हुँदा पानी प्रदूषित हुने सम्भावना छ। यसले खानेपानीका स्रोत र जलचर प्रजातिमा प्रतिकूल असर पार्न सक्छ।

४) खोला किनार कटान र धार परिवर्तन

अनियन्त्रित उत्खन्नले नदीको प्राकृतिक बहाव परिवर्तन गर्ने सम्भावना हुन्छ। यसले खोला किनार कटान, बाढीको जोखिम र वरपरको वन क्षेत्र तथा बस्तीलाई क्षति पुऱ्याउन सक्छ।

५) सामाजिक असर

स्रोत सीमित हुँदा स्थानीय र ठेकेदारबीच प्रतिस्पर्धा तथा विवाद उत्पन्न हुने सम्भावना छ। अनुगमन कमजोर भएमा अनियमित उत्खन्न भई सामुदायिक असन्तुष्टि बढ्न सक्छ।

६) जैविक वातावरणमा असर

खोला किनार र आसपास बसोबास गर्ने वनस्पति र जीव-जन्तुको वासस्थान नष्ट वा प्रभावित हुन सक्छ। खोलाको प्राकृतिक आवास प्रणालीमा दीर्घकालीन असन्तुलन ल्याउने खतरा रहन्छ।

**नकारात्मक प्रभावको विशलेषण तालिका**

*तालिका १२: प्रतिकूल प्रभावको विशलेषण तालिका*

| SN | Impact Category | Description | Significance |
|---|---|---|---|
| १ | वायुमण्डलीय प्रदूषण | उत्खन्न र ढुवानी कार्यका कारण धुलो (PM) बढ्ने, दम/एलर्जी/श्वासप्रश्वास रोग बढ्ने सम्भावना। | High |
| २ | ध्वनि प्रदूषण | ढुवानी साधन र मेसिनरीको ठूलो आवाजले स्थानीय समुदाय र जैविक विविधतामा असर पार्ने। | Medium |
| ३ | जल प्रदूषण | तेल, ग्रीस तथा पेट्रोलियम पदार्थ चुहावटले खानेपानी स्रोत र जलचरलाई असर गर्ने। | High |
| ४ | खोला किनार कटान/धार परिवर्तन | अनियन्त्रित उत्खन्नले खोलाको प्राकृतिक बहाव परिवर्तन भई कटान, बाढीको जोखिम, वनक्षेत्र र बस्तीमा क्षति। | High |
| ५ | सामाजिक असर | स्रोत सीमित हुँदा विवाद, कमजोर अनुगमनका कारण अनियमित उत्खन्न र सामुदायिक असन्तुष्टि। | Medium |
| ६ | जैविक असर | खोला किनार र आसपासको वनस्पति तथा जीव-जन्तुको वासस्थान नष्ट, दीर्घकालीन असन्तुलन। | High |

## परिच्छेद ५
## प्रभाव कार्यान्वयनका विकल्पः

### प्रस्तावको विकल्प विश्लेषणः

वैकल्पिक विश्लेषणलाई प्रारम्भिक वातावरणीय परीक्षणको महत्वपूर्ण भागको रुपमा लिइएको छ। वैकल्पिक विश्लेषणलाई प्राविधिक संभाव्यता, आर्थिक संभाव्यता र वातावरणीय उपदेयताले सम्मालेको हुन्छ। प्रारम्भिक वातावरणीय परीक्षण टोलीले विभिन्न वातावरणीय प्रभाव निर्धारण र आर्थिक गोपनीयताको आधारमा वैकल्पिक विश्लेषण गरेको छ। वैकल्पिक विश्लेषणको मुख्य उद्देश्य फाइदाजनक प्रभावलाई बढाउने र हानिकारक प्रभावलाई घटाउने हो। अध्ययन टोली विभिन्न शीर्षकलाई आधार बनाएर वैकल्पिक अध्ययन गरेको छ। उक्त आधारलाई तल उल्लेख गरिएको छ।

| विकल्प (Option) | फाइदा (Advantages) | बेफाइदा (Disadvantages) | उपयुक्तता (Suitability) |
|---|---|---|---|
